# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभाको मिति २०८१।०७।११ गते बसेको १० औ सभाको बैठकको निर्णय उतार प्रतिलिपि

शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर

**निर्णय नं. २३ विषयः प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को भावी कार्यदिशा स्वीकृत सम्बन्धमा।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को देहाय बमोजिमको भावी कार्यदिशा स्वीकृत भयो।

1. संघीय टिभिइटी ऐन निर्माण र परिषद्को पुनर्संरचनामा सहजीकरण गर्ने गरी अन्तरक्रिया र छलफल गर्ने।
2. श्रम बजारका लागि दक्ष जनशक्ति तयारीका साथै उच्च प्राविधिक तथा व्यावसायिक शिक्षाको आधारशिलाको रूपमा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपसँग तादाम्य मिलाई कार्यान्वयन गर्ने।
3. राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (National Vocational Qualification System) को कार्यान्वयन गर्दा साधारण शिक्षासँगको पारगम्यता तथा वृत्ति पथ, बहु प्रवेश तथा बहु बहिर्गमन (Multi Entry & Multi Exit), मोड्युलर पाठ्यक्रम (Modular Curriculum), क्रेडिट ट्रान्सफर प्रणाली (Credit Transfer System) लागु गर्ने।
4. पाठ्यक्रममा समयसापेक्ष परिमार्जन गरी व्यावसायिक तालिमको हकमा कम्तीमा ३ (तीन) महिना र प्राविधिक शिक्षाका कार्यक्रमको हकमा न्यूनतम ६ (छ) महिना उद्योग/व्यवसायमा कार्यस्थलको सिकाइ (Work-based learning) को सुनिश्चितता गर्ने।
5. प्रशिक्षकको क्षमता विकासका कार्यक्रमहरूमा उद्योग व्यवसायको अनुभव, भ्रमण तथा सिप सिक्ने अवसर (Industry Exposure and Learning Opportunities) दिलाउने व्यवस्था गर्ने।
6. प्रशिक्षक दक्षता परीक्षण र प्रमाणीकरण प्रारूप (Vocational Teachers' Competency Assessment & Certification Framework: VTCACF) विकास गरी कार्यान्वयन गर्ने।
7. उद्योगमा कार्यरत प्राविधिकलाई प्रशिक्षक तथा गुणस्तर परीक्षक (In-company trainers/quality assessor) को रूपमा तयार गर्ने।
8. उद्योगसँगको लागत साझेदारीमा व्यावसायिक तालीम कार्यक्रमहरू सञ्चालन गर्ने।
9. औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship training) कार्यक्रमलाई विस्तार गर्ने।
10. उत्पादक क्षेत्र (Productive Sector) समेतको सहभागितामा सिक्दै कमाउँदै कार्यक्रम कार्यान्वयन गर्ने।
11. जनशक्तिको प्रक्षेपण, सिप नक्साङ्कनका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमसम्बन्धी कार्यक्रमहरू विस्तार तथा समायोजन गर्ने।
12. गुणस्तर सुनिश्चितताका लागि शिक्षण संस्थाको स्तर निर्धारण, प्रशिक्षकहरूको क्षमता विकास तथा प्रशिक्षण अनुमतिपत्रसम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था (शिक्षण संस्थाको स्तर निर्धारण, प्रशिक्षकहरूको क्षमता विकास तथा प्रशिक्षण अनुमतिपत्रको व्यवस्था) गर्ने।
13. TVET को राष्ट्रिय पाठ्यक्रम प्रारूप (National TVET Curriculum Framework - NVCF) निर्माण गर्ने।
14. राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (National Vocational Qualification Framework - NVQF) कार्यान्वयन गर्ने।
15. राष्ट्रिय गुणस्तर सुनिश्चितता प्रारूप (National Vocational Quality Assurance Framework - NVQAF) विकास गरी कार्यान्वयन गर्ने।

ई. महेश भट्टराई
सदस्य सचिव

16. पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) लाई समय सापेक्ष परिमार्जन तथा विस्तार गर्ने।
17. TMIS/MIS लाई एकीकृत र स्तरोन्नति गर्ने।
18. शैक्षिक प्रमाणपत्रको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाका ग्राजुएटहरूलाई ऋण उपलब्ध गराउन सहजीकरण गर्ने।
19. प्राविधिक तथा व्यावसायिक शिक्षाको १० वर्षे रणनीतिक योजना कार्यान्वयन गर्ने।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर

**निर्णय नं. २४**

**(क) विषयः आ.व. २०७५/०७६ देखि आ.व. २०८०/०८१ सम्मको बजेट कार्यक्रम तथा खर्चका रकमहरुको जानकारी सम्बन्धमा।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ (संशोधन सहित) को दफा ६.२१ मा परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेस गर्ने भन्ने व्यवस्था भए बमोजिम आ.व. २०७५/०७६ देखि आ.व. २०८०/०८१ सम्मको बजेट कार्यक्रम तथा खर्चका रकमहरुको जानकारी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सभा समक्षा जानकारी गराइयो ।

**(ख) विषयः आ.व. २०८१/२०८२ को बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा ।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सञ्चालन भएका कार्यक्रमहरूका लागि हरेक आर्थिक वर्षको प्रस्तावित बजेट र कार्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ (संशोधन सहित) को दफा ५.क४ बमोजिम **LMBIS** मा समावेश भएको बजेट समेत सिफारिस भए बमोजिम तपसील बमोजिमका चालु आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गरियो।

**आर्थिक वर्ष २०८१/२०८२ को वार्षिक कार्यक्रम तथा बजेट**

| बजेट स्रोत | बजेट रकम (रु हजारमा) |
|---|---|
| नेपाल सरकार | ३,९९,९७,६५ |
| बैदेशिक स्रोत | १,७२,७५,०० |
| परिषद् आन्तरिक स्रोत | ६८,००,०० |
| कूल बजेट | ६,४०,७२,६५ |

ई. महेश भट्टराई
सदस्य सचिव